म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २३७ सोमबार २७ चैत २०७९ ने. सं. ११४३ चौलागा 10 April 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## 'बुहारी छात्रवृत्ति' वितरणको तयारीमा ४ नम्बर वडा

हेटौंडा, २६ चैत/जिल्लाको थाहा नगरपालिका वडा नम्बर ४ ले वडाका ५ जना बुहारी विद्यार्थीलाई छात्रवृत्ति दिने तयारी गरेको छ । छात्रवृत्ति वितरणका लागि २१ चैतमा कार्यवहाक वडाध्यक्ष चन्द्रमाया थिङले सूचना प्रकाशन गरेकी छन् । सूचनाअनुसार आर्थिकरुपले विपन्न तथा जेहेन्दार बुहारी विद्यार्थीले वडा कार्यालयमा निवेदन दिनुपर्नेछ । वडा कार्यालयको २० चैतको बैठकबाट भएको निर्णयअनुसार सूचना प्रकाशन गरिएको वडासचिव पाल्साङ लामाले जानकारी दिए । सूचनाको म्याद १५ दिन रहेको सचिव लामाले जानकारी दिए । ४ नम्बर वडाभित्र बसोबास गर्ने गरिब बिपन्न तथा जेहन्दार बुहारीका लागि दश जोड दुई र स्नात्तक तह अध्ययन गर्न चाहनेका लागि छात्रवृत्ति दिइने वडाध्यक्ष नारायण लामाले जानकारी दिए । छात्रवृत्तिका लागि निवेदन दिँदा नेपाली नागरिकताको प्रतिलिपी ४ नम्बर वडामा विवाह भई आएको विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक संस्थाको सिफारिस र शैक्षिक प्रमाणपत्र पेश गर्नुपर्ने वडा कार्यालयद्वारा प्रकाशित सूचनामा उल्लेख छ ।

# बागमतीमा तेस्रो पटक मन्त्रिपरिषद् विस्तार, कांग्रेसबाट दुई मन्त्री थपिए

साझाकुरा संवाददाता

हेटौंडा, २६ चैत/बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले तेस्रो पटक सरकार विस्तार गरेका छन् । आइतबार साँझ नेपाली कांग्रेसबाट दुईजना मन्त्री नियुक्त भएका हुन् ।



नेपाली कांग्रेसबाट संसदीय दलका नेता बहादुरसिं लामा र तीर्थ लामा मन्त्री बनेका छन् । मन्त्रीद्वयले प्रदेश प्रमुख यादवचन्द्र शर्माबाट पद तथा गोपनीयताको शपथ लिए । सरकारमा कांग्रेसको नेतृत्व गर्दै बहादुरसिं आर्थिक मामिला तथा योजनामन्त्री र तीर्थ लामा खानेपानी, सिंचाई तथा ऊर्जामन्त्री बने । भागबण्डामा अन्तिम टुंगो नलाग्दै कांग्रेस सरकारमा सहभागी भएको छ । ११ सदस्यीय मन्त्रिपरिषद्मा कांग्रेसले ६ वटा मन्त्रालय मागेको हो । तर, माओवादीले ५ वटासम्म मात्रै दिने अडान लिँदै आएपछि भागबण्डामा सहमति हुन सकेको थिएन । कांग्रेसभित्रै मन्त्री हुनेहरुको आकांक्षी धेरै भएपछि लामा ६ वटा मन्त्रालय पाउनुपर्ने अडानमा थिए ।

भागबण्डाको टुंगो लाग्न बाँकी हुँदै सरकारमा सहभागी भएको नवनियुक्त आर्थिक मामिला तथा योजना मन्त्री लामाले स्वीकारे । सपथ ग्रहणपछि धारणा राख्दै लामाले भागबण्डामा अन्तिम सहमति हुन बाँकी रहेको बताए । कांग्रेसले कति मन्त्रालय लिने भन्ने सम्बन्धमा छलफल जारी नै रहेको लामाले बताए । कांग्रेसबाट दुईजनाको सपथ सुटुक्क भएको पार्टीभित्र आरोप छ भन्ने पत्रकारहरुको प्रश्नमा लामाले सुटुक्क सपथ नलिएको र सूचना दिएको दाबी गरे । कांग्रेसबाट थप मन्त्रीहरुको नियुक्ति सहकार्यबाट तय हुने उनको भनाई छ । कांग्रेसमा मन्त्रीका आकांक्षी धेरै भएपछि दलका नेता लामालाई नेता व्यवस्थापनमा चुनौती थियो ।

मुख्यमन्त्री जम्कट्टेलले आइतबार तेस्रोपटक मन्त्रिपरिषद् विस्तार गरेका हुन् । गत २५ पुसमा मुख्यमन्त्री नियुक्त भएर गठबन्धन टुटफुटको कारण दुईपटक विश्वासको मत लिएका उनले तेस्रो चरणमा दुई मन्त्री नियुक्त गरेपनि मन्त्रिपरिषद्ले भने पूर्णता पाएको छैन । मुख्यमन्त्री जम्मकट्टेल २५ पुसमा नेकपा एमाले र राप्रपाको समर्थनमा नियुक्त भएका थिए । उनले पहिलोपटक २६ पुसमा २ जना, दोस्रोपटक ११ माघमा ८ जनालाई मन्त्री बनाएर सरकार विस्तार गरेका थिए । गठबन्धन फुटेर नयाँ सत्तासमिकरण बनेसँगै राप्रपाले १३ फागुन र एमालेले १० चैतमा राजीनामा दिएपछि जम्कट्टेलले आज आइतबार तेस्रोपटक सरकार विस्तार गरेका हुन् । मुख्यमन्त्री जम्कट्टेलले पहिलोपटक ३ माघमा र दोस्रोपटक १० चैतमै विश्वासको मत लिएका थिए ।

बागमतीमा दुई नयाँ मन्त्री थपिएसँगै मन्त्रिपरिषद्मा ६ जना पुगेका छन् । मन्त्रिपरिषद्लाई पूर्णता दिन अझै ५ जना मन्त्री नियुक्त गर्नुपर्ने हुन्छ । मुख्यमन्त्री जम्कट्टेलले कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, श्रम रोजगार तथा यातायात मन्त्रालय, पर्यटन उद्योग तथा सहकारी मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र स्वास्थ्य मन्त्रालय आफैं सम्हालेका छन् । यी पाँच मन्त्रालयमा कांग्रेसका थप र एकीकृत समाजवादीका मन्त्रीहरु नियुक्त हुनेछन् । माओवादीबाट यसअघि युवराज दुलाल भौतिक पूर्वाधारमन्त्री, कुमारी मोक्तान सामाजिक विकासमन्त्री र गंगानारायण श्रेष्ठ आन्तरिक मामिला तथा कानुनमन्त्री छन् ।

११ सदस्यीय मन्त्रिमण्डलमा कांग्रेसले ५, मुख्यमन्त्रीसहित माओवादी केन्द्रले ४ र एकीकृत समाजवादीले २ मन्त्रालय लिने प्रस्ताव गरे पनि कांग्रेसले सहमति नजनाएको हो । कांग्रेसले यसअघि ६ वटा मन्त्रालयमा अडान नछाडेकै कारण सरकार विस्तार हुन सकेको थिएन । विगत १० दिनदेखि सरकारको भागबण्डा टुंग्याउन प्रदेशका गठबन्धन दलहरु कांग्रेस, माओवादी र एकीकृत समाजवादी जुटेपनि भागबण्डाको अन्तिम टुंगो लाग्न सकेको छैन । गठबन्धनका दलहरुबीच भागबण्डा टुंग्याउन मुख्यमन्त्री जम्कट्टेल र कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता लामाले ७ सदस्यीय कार्यदल गठन गरेका थिए । कांग्रेस दलको उपनेता रामकृष्ण चित्रकारको संयोजकत्वमा गठित कार्यदलले आधा दर्जन बैठकबाट पनि भागवण्डा टुंगोमा पुऱ्याउन नसकेको हो ।

कार्यदलबाट भागवण्डामा सहमति हुन नसकेपछि मुख्यमन्त्री जम्कट्टेल र कांग्रेस दलका नेता लामालाई समेत गुहारिए पनि संयुक्त बैठकले भागबण्डा टुंग्याउन सकेन । सरकार विस्तारमा ढिलाइका कारण प्रदेशका मुख्यमन्त्री जम्कट्टेलले आठवटा मन्त्रालयको जिम्मेवारी सम्हाल्दै आएका छन् । बागमती प्रदेशसभामा कूल ७ वटा दलको प्रतिनिधित्व रहेको छ । प्रदेशसभामा नेपाली कांग्रेसको ३७, एमालेको २७, माओवादीको २१ र राप्रपाको १३, एकीकृत समाजवादीसँग ७, नेमकिपासँग ३ र हाम्रो नेपाली पार्टीसँग २ मत छ । एकसय १० सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि ५६ सांसद् भए पुग्छ ।

## हेटौंडाका उद्योगमा विद्युत् महसुल वक्यौता साढे दुई अर्ब

साझाकुरा संवाददाता

हेटौंडा, २६ चैत/ नेपाल विद्युत् प्राधिकरण हेटौंडा वितरण केन्द्रलाई विद्युत् महसुलवापत् यहाँका औद्योगिक प्रतिष्ठानले दुई अर्ब ५५ करोड ५३ लाख रुपैयाँ बुझाउन बाँकी छ । लामो समयदेखि पटक-पटक ताकेता गर्दासमेत चालु आर्थिक वर्षको हालसम्म ती उद्योगबाट महसुल नबुझाइएको केन्द्रले जनाएको छ । केही उद्योगविरुद्ध महशुलसम्बन्धी मुद्दासमेत चलिरहको छ भने महसुल नतिर्ने पाँच सय ४२ उद्योगलाई कालोसूचीमा राखेर कारबाही प्रक्रिया अगाडि बढाइएको छ ।

कालोसूचीमा परेका केही ग्राहकबाट कारबाहीस्वरुप ७९ हजार दुई सय ४१ रुपैयाँ संकलन भएको छ । चालु आवको हालसम्म पाँच हजारभन्दा बढी विद्युत् महसुल नतिर्ने नौ सय ७३ ग्राहकको लाइन काटेर कारबाही गरिएको केन्द्रका प्रमुख नरेन्द्रवीर श्रेष्ठले जानकारी दिए । कारबाहीमा परेपछि छ सय १७ जनाले जरिवाना तिरेर निवेदन दिएकाले पुन लाइन जोडिएको र त्यसबाट दुई करोड ५३ लाख ९५ हजार रुपैयाँ महसुल संकलन भएको छ । हेटौंडामा रहेका ७२ हजार ६ सय ९४ ग्राहकबाट वितरण केन्द्रले मासिक १९ करोड १७ लाख ८८ हजार रुपैयाँ बराबरको विद्युत् विक्री गर्दै आएको छ । तर, १८ करोड छ लाख १२ हजार रुपैयाँ मात्र महसुलबापत संकलन हुँदै आएको छ ।

विद्युत् प्राधिकरणको पोल प्रयोग गरेबापत विभिन्न छ वटा इन्टर नेट सेवा प्रदायक कम्पनीले ५३ लाख ५० हजार रुपैयाँ राजस्व बुझाएको केन्द्रले जानकारी दिएको छ । यसैबीच ग्रामीण विद्युतीकरणअन्तर्गत् हेटौंडा उपमहानगरपालिकालगायत बकैया, राक्सिराङ, मकवानपुरगढी, कैलाश, भीमफेदी, ईन्द्रसरोवर गाउँपालिकाको ग्रामीण तथा दुर्गम क्षेत्रमा विद्युतीकरण थालिएको वितरण केन्द्रका इञ्जिनियर सन्तोष चौहानले बताए । यो कार्यका लागि १८ करोड रुपैयाँ भन्दा बढी बजेट छुट्याइएको थियो ।

चालु आवको निर्धारीत कार्यक्रम अनुसार कतिपय स्थानमा काम सम्पन्न भइसकेको छ भने कतिपय स्थानमा विद्युतीकरणको कार्य भइरहको छ । औद्योगिक प्रतिष्ठान स्थापना हुने क्रम बढेपछि मनहरीमा विद्युत् सवस्टेशन स्थापना गर्न माग भइरहेको थियो । आगामी आवदेखि काम सुरु गर्ने गरी मनहरी गाउँपालिकामा सवस्टेशन निर्माण प्रक्रियासमेत अगाडि बढेको जनाइएको छ ।

## आजदेखि उपमेयर कप भलिबल

साझाकुरा संवाददाता

हेटौंडा, २६ चैत/ हेटौंडामा पाँचौ संस्करणको उपमेयर कप महिला तथा पुरुष भलिबल प्रतियोगिता आज सोमबारदेखि सुरु हुँदैछ ।

प्रतियोगिता केशवलाल श्रेष्ठ स्मृति प्रतिष्ठान, मकवानपुर जिल्ला भलिबल संघ र हेटौंडा उपमहानगरपालिका भलिबल संघको आयोजनामा सुरु हुन लागेको हो । हेटौंडा उपमहानगरपालिका-१२ पान्तलेस्थित बुद्ध माविको खेल मैदानमा हुने प्रतियोगितामा महिला र पुरुष गरी १९ वटा टिमको सहभागिता हुने हेटौंडा नगर भलिबल संघका सचिव एवं प्रतियोगिता संयोजक त्रिबिक्रम रुपाखेतीले जानकारी दिए ।

प्रतियोगितामा उपमहा नगरपालिकाभित्रका वडाबाट महिला र पुरुषको एक/एक टिमले सहभागिता जनाएको रुपाखेतीले बताए ।

उनका अनुसार प्रतियोगिताको विजेता र उपविजेता टिमले क्रमशः नगद ५० हजार र ३० हजार रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछन् । यस्तै सेमिफाइनल पुग्ने टोलीले पनि १०/१० हजार रुपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले नगद २ हजार ५ सय सहित ट्रफी प्राप्त गर्दा विधागत उत्कृष्ट खेलाडीले नगद एकहजार ५ सय रुपैयाँ प्राप्त गर्ने आयोजकले जानकारी दिएको छ ।

सम्बन्धित वडाको बासिन्दाले मात्रै प्रतियोगितामा सहभागिता जनाउन पाउनेछन् । प्रतियोगिताको लागि करिब ८ लाख ४६ हजार रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ । प्रतियोगिताको अघिल्लो संस्करणमा महिला तथा पुरुष दुवैतर्फको उपाधि हेटौंडा १७ नम्बर वडाले जितेको थियो ।

## डिम्डुङ सालकको खपेटासहित पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २६ चैत/अबैध बन्यजन्तु सालकको खपेटा सहित दुईजना पक्राउ परेका छन् । ललितपुर महानगरपालिका-१७ ग्वार्कोबाट बन्यजन्तु सालकको खपेटा सहित दुई जनालाई प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा मकवानपुर बागमती गाउँपालिका-९ घर भएका ३६ वर्षीय डगरमान डिमडुङ र ललितपुर गोदावारी नगरपालिका-२ स्थायी घर भएका ३५ वर्षीय सुरज तामाङ रहेका छन् । बिषेश सूचनाको आधारमा जिल्ला प्रहरी परिसर ललितपुरबाट खटिएको प्रहरी टोलीले आईतबार बन्यजन्तु सालकको खपेटा सहित उनीहरुलाई पक्राउ गरेको हो ।


## केदारनाथ सुनचाँदी पसल

हेटौंडा-१०, बसपार्क रोड



यहाँ सुनचाँदीको गरगहना पाउनुको साथै अर्डर बमोजिम तयार पनि गरिन्छ र राशी अनुसारको पत्थर पाउनुको साथै सुनचाँदी खरिद बिक्री पनि गरिन्छ ।

प्रो. राहुल सुनार

मो.नं. ९८४५८३०८१७, ९८०४२०३२५५

Education is the real treasure

## We are hiring...

Hetauda Academy, a leading academic institution in Hetauda, offers a multifaceted learning environment to foster holistic development of children. Hetauda Academy is a student centric, parent-friendly and socially responsible academic institution that treats its faculty and staff with respect and dignity and is looking for suitable candidates with proven competence to work with young students in its various departments for the following positions:

1. Vice-Principal
2. Coordinators
   *Secondary Level, Basic Level and Pre-primary Level*
3. Secondary & Basic Level Faculty
   *Computer Science, English, Mathematics, Science, Social Studies & Human Value Education, Nepali, 'Health, Physical & Creative Arts'*
4. Secretary to CEO
5. School Counselor
6. ECA/CCA Instructor
   *Art & Craft, Music (Vocal & Instrument), Dance, Yoga, Basket Ball, Table Tennis, Cricket, Football, Martial Arts, Swimming, Hand Writing, English Phonics, Nepali Phonics*
7. Officers
   *HR & General Administration, Operations & Procurement, IT Administration, Library Management, Examination, ECA/CCA,*
8. Assistants: *Admin & Finance, Computer Lab, Computer Operator, Front Desk*
9. Discipline Staffs
10. Drivers, Security Guards, Cook, Helpers, Gardener

**For further details, please visit www.hetaudaacademy.edu.np/vacancy**

*Strong command over written & spoken English and basic computing skills are mandatory for all above mentioned positions except 10. Smart candidates without work experience are also encouraged to apply.*

There is no bar in remuneration and other benefits for deserving candidate. Interested candidates should send CV at hr@hetaudaacademy.edu.np with 2 references and expected salary not later than 9 April 2023.

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

## घर जग्गा भाडामा

हेटौंडा-४, कमलडाँडा नबोदय बोडिङ अगाडि सरकारी तथा प्राइभेट अफिस, होस्टल, मन्टेश्वरी स्कुल आदिको लागि उपयुक्त २ कठ्ठा जग्गामा कम्पाउन्ड सहित निर्माण भएको ३ तल्ला घर १० कोठा, २ किचन, ३ बाथरूमसहित जम्मा १२ कोठा भएको सुविधा सम्पन्न पार्किङसहित कम्पाउन्ड घेरिएको पुरै घर जग्गा भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।
(नोटः भुई तल्ला फल्याट मात्र पनि लिन सकिनेछ)

सम्पर्क नं.:-
९८४५२६९७१३/९८४५०२०९५१
९८५५०३०९५१ (whatsapp)

## खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० बैशाख १७ गतेबाट बिभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोटः- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्कः-

गोपाल थापा, हेटौंडा बसपार्क

मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,
मोवाईल नं. ९८४५८०८४०२

## सम्पूर्ण ब्राण्डका गाडी
### एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

# बुहारी पढाउने योजना

थाहा नगरपालिका-४ ले वडाका ५ जना बुहारी विद्यार्थीलाई छात्रवृत्ति दिने तयारी गरेको छ । छात्रवृत्ति वितरणका सूचना प्रकाशन गरिएको छ । सूचनाअनुसार आर्थिकरुपले विपन्न तथा जेहेन्दार बुहारी विद्यार्थीले वडा कार्यालयमा १५ दिनभित्र निवेदन दिनुपर्नेछ । वडा कार्यालयको २० चैतको बैठकबाट भएको निर्णयअनुसार सूचना प्रकाशन गरिएको वडासचिव पाल्साङ लामाले जानकारी दिए । ४ नम्बर वडाभित्र बसोबास गर्ने गरिब बिपन्न तथा जेहन्दार बुहारीका लागि दश जोड दुई र स्नात्तक तह अध्ययन गर्न चाहनेका लागि छात्रवृत्ति दिइने जानकारी दिइएको छ । छात्रवृत्तिका लागि निवेदन दिँदा नेपाली नागरिकताको प्रतिलिपी ४ नम्बर वडामा विवाह भई आएको विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक संस्थाको सिफारिस र शैक्षिक प्रमाणपत्र पेश गर्नुपर्ने वडा कार्यालयद्वारा प्रकाशित सूचनामा उल्लेख छ । बुहारीलाई पढाउन सहयोग गर्ने वडाको निर्णय नै महत्वपूर्ण कार्य हो ।

केही वर्ष अघिसम्म छोरीचेलीलाई अध्ययनका सवालमा हाम्रो समाज अत्यन्तै कठोर थियो । समाजले महिलालाई हेर्ने दृष्ट्रिकोण नै कठोर थियो । अहिले समयले कोल्टे फेरेको छ । मकवानपुर जिल्लाको शैक्षिक तथ्यांक हेर्ने हो भने सामुदायिक विद्यालयमा अध्ययन गर्ने छात्रको तुलनामा छात्राको संख्या बढी छ । तीन चार दसक अगाडिसम्म विद्यालयमा छात्राको संख्या न्यून थियो । अझ उच्चशिक्षा अध्ययन गर्ने कलेजहरुमा त छात्राको संख्या ज्यादै न्यून थियो । छोरीचेलीले पढ्नु पर्दैन, अर्काको घरजाने हो भन्ने मान्यताले गर्दा समाजले छोरीचेलीलाई विद्यालय वा कलेज पठाउँदैनथ्यो । अहिले समय फेरिएको छ । महिलाले पनि पुरुषसरह काम गर्न सक्छन् भन्ने प्रमाणित भएको छ । अवसर दिने हो भने महिलाले जस्तोसुकै चुनौतीपूर्ण कार्य पनि गर्न सक्छन् र गरिरहेका छन् । सामुदायिक विद्यालयमा महिला शिक्षकको उपस्थिति बाक्लिदै गएको छ । त्यसैले स्थानीय सरकारले बुहारी शिक्षालाई उच्च प्राथमिकतामा राख्नुपर्छ । थाहा नगरको एउटा वडाले सुरुवात गरेको छ त्यो कार्य सह्राहनीय हो । सबै पालिकाका सबै वडा कार्यालयले बुहारी शिक्षालाई उच्च प्राथमिकतामा राख्नुपर्छ । उच्चशिक्षा आर्जन गरी बुहारीहरुलाई आफ्नो खुट्टामा उभिने वातावरण बनाउन स्थानीय सरकारको भूमिका सकारात्मक हुनु जरुरी छ ।

भन्ने बेलामा आधा आकाश ढाकेको बर्ग भन्ने तर, ब्यवहारमा घरधन्दामै ब्यस्त बनाउने परिपाटीको अन्त्य हुनैपर्छ । सबै पालिकाले आफ्नो वडामा बिवाह भएर आएका बुहारीहरुलाई उच्चशिक्षा आर्जन गर्न सहयोग गर्ने हो भने समाज परिबर्तन गर्न धेरै लगानी गरिरहनु पर्दैन । शिक्षा आर्जनसँगै आर्थिक क्रियाकलापमा सक्रिय बनाउने योजना पनि अघि सार्नु जरुरी छ । आत्मनिर्भर बन्ने कार्यक्रम ल्याएर बुहारीहरुको मनोबल बढाउने अभियान सुरु गरेको खण्डमा समाज परिबर्तन सजिलै हुनेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ चैत २८ गते मंगलबार ११ अप्रिल २०२३ । पञ्चमी, वैशाख कृष्णपक्ष । चौलागा ११४३ ने.सं. । सूर्योदय ५:४६, सूर्यास्त ६:२६।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : परीक्षामा सफलता मिल्नेछ | **तुला** | : धर्मकर्ममा मन जानेछ |
| **वृष** | : पढाइमा रुचि बढ्नेछ | **वृश्चिक** | : नयाँ मित्रसँग भेटघाट हुनेछ |
| **मिथुन** | : रिसलाई नियन्त्रण गर्नुपर्नेछ | **धनु** | : अधुरो काम बन्ने सम्भावना छ |
| **कर्कट** | : शुभ समाचार मिल्नेछ | **मकर** | : मित्रहरुबाट सहयोग हुनेछ |
| **सिंह** | : भाग्योदयको योग छ | **कुम्भ** | : आफन्तबाट विरोध हुनेछ |
| **कन्या** | : सहयोगी हातहरु बढ्नेछ | **मीन** | : पेसाबाट घाटा देखिन्छ |

# संयुक्त परिवारको ज्ञान लिन वञ्चित यो पुस्ता



समीक्षा दाहाल

भर्खरै सार्वजनिक भएको जनगणनाको विवरणले परिवार संख्या सानो हुँदै गएको देखाएको छ । २०६८ को गणनाले नेपालीको परिवार सदस्य संख्या औसतमा ४.८८ देखाएकोमा भर्खरै सार्वजनिक भएको २०७८ को जनगणनाले यो संख्या ४.३७ मा झरेको देखाएको छ । परिवार सानो हुँदै जानुको अर्थ हो मानिस सन्तान जन्माउने मामिलामा विचार पुऱ्याउन थाले। 'सन्तानले डाँडाकाँडा ढाकुन्' भन्ने अवधारणा अब 'बढाउन र पढाउन सकिने जति मात्रै जन्माउने' मा बदलिँदै गएको छ ।

यसले समय अब एकल पारिवारिक संरचनाको साङ्लोमा बाँधिँदै गएको छ भन्ने देखाउँछ। कामकाजी दम्पतीहरू धेरै सन्तान जन्माउन चाहँदैनन् वा चाहेर पनि भ्याउँदैनन् । त्यसैले पहिलेको जस्तो ठूलो परिवार हाम्रा सन्तानहरूले अब सिनेमाको कथामा मात्र हेर्न पाउलान् । अहिलेको समयमा धेरै भए एक छोरा, एक छोरी, नत्र एउटा मात्रै सन्तान देख्न सकिन्छ । यो हुनमा कसैको बाध्यता छ त कसैको रहर । धेरैले चाहेर पनि एक भन्दा बढी सन्तान जन्माउन सकेका छैनन् । एउटा सन्तान जन्मिएपछि काम सुरु गरेका महिलाले अर्को सन्तान जन्माउन फेरि काम छोड्नुपर्ने ।

गरिरहेको काम छोडेमा अर्को काम नपाइने र पाए पनि त्यस्तै नपाउने, अर्को काममा सुरुदेखि संघर्ष गर्नुपर्ने, एउटा सन्तान जन्माएपछि लामो समयसम्म श्रीमान्, श्रीमतीमध्ये एक विदेश गएर वा जागिरको कारण छुट्टिएर बस्नुपर्ने बाध्यताका कारण आजकल परिवार संख्या घट्दै गएको पाइन्छ । मेरो एक मित्र भन्थिन्, 'एउटा छोरा जन्मिएपछि उहाँ बाहिर जानुभएको बल्ल पाँच वर्षमा केही महिनाको बिदामा घर आउनुभयो । अर्को बच्चा जन्माउने योजना गरेको भएन । डाक्टर लामो समय ग्याप भएर यस्तो भएको भन्छन् । हुन्छ कि भन्दाभन्दै अब उहाँको फेरि जानेबेला भइहाल्यो । अब कति वर्षमा आउनुहुन्छ, थाहा छैन ।' यी र यस्ता समस्याका कारण सन्तान चाहँदा चाहँदै पनि दम्पतीले एउटा सन्तानमा चित्त बुझाउनुपर्ने बाध्यता छ ।

चिकित्सकहरूका भनाइमा, सन्तान जन्माउने प्रक्रिया पनि असाध्यै कष्टकर हुँदै गएको छ । खाद्यान्नमा प्रयोग हुने विषादीका कारण स्वस्थ बच्चा जन्माउन कठिन छ । बच्चा गर्भमा बसाउनै गाह्रो हुन्छ । बसिहाले जोगाउन गाह्रो, बल्लतल्ल बच्चा जन्माए पनि त्यसलाई ठूलो पार्न कठिन छ । मेरो गाउँकी एकजना भाउजूको विवाह गरेको पाँच वर्षमा बल्ल-बल्ल बच्चा बसेको चार महिना नपुग्दै खेर गयो । डाक्टरले खाद्यान्नमा बढ्दै गएको विषादिले यस्तो भएको भने भनेर दुःख मान्दै हुनुहुन्थ्यो । एउटा सन्तान जन्माउन हम्मे भएको यो समयमा अर्को सन्तान टाढाको कुरा हुँदै गएको छ ।

मानिस आजकल एकान्तप्रेमी बन्दै गएको छ । हल्लाखल्ला, झाँगलझुगल मन पराउँदैन । धेरै सन्तान भए कामको बोझ थपिने, हिंडडुल गर्न कठिनाइ हुने, खर्च बढ्ने, पारिवारिक झमेला बढ्ने जस्ता कारणले उनीहरू धेरै बच्चा जन्माउँदैनन् । अनि एकल पारिवारिक संरचनामा बसेका दम्पतीलाई एक्लै सन्तान हुर्काउनु कुनै लडाइँ जिते सरह हुन्छ । एउटा सन्तान बुवाआमाले हुर्काइदिए पछि घर छोडेर हिंडेका दम्पतीले अर्को सन्तान जन्माएर एक्लै हुर्काउने हिम्मत नै गर्न सक्दैनन् । त्यसैले पनि परिवार संख्या घट्दो क्रममा छ । गाउँबाट शहरमा वा अर्को देशमा कामको सिलसिलामा हिंडेका दम्पतीले आमाबुबालाई सँगै राख्न सकेका हुँदैनन् । गाउँमा खेतीपाती गरेर र बसेका बाबुआमा शहरमा वा अर्को देशमा गएर खुम्चिएर बस्न चाहँदैनन् ।

घर छोडेर हिंडेपछि एक जनाको कमाइले परिवार धान्न गाह्रो हुन्छ । त्यसैले दम्पतीले नै काममा जानुपर्ने बाध्यताका कारण सन्तानलाई समय दिन कठिन हुने हुनाले पनि उनीहरू धेरै सन्तान जन्माउन चाहँदैनन् । एकल पारिवारिक संरचनामा जन्मिएका बच्चामा धेरै खाले समस्या बढ्दै गएको देख्न सकिन्छ । उनीहरू परिवारमा घुलमिल हुन नचाहने, एक्लै बस्न रुचाउने, मोबाइलमा समय बिताउने, घरमा कोही नयाँ मान्छे आए बोल्न नचाहने, लुक्ने, मनका कुरा कसैलाई भन्न नचाहने प्रवृत्तिका बन्दैछन् ।

एउटा मात्र सन्तान हुँदा उसले साथीको अभाव महसुस गर्न थाल्छ-खेल्ने साथी, खाने साथी, बोल्ने साथी, झगडा गर्ने साथी इत्यादि । अभिभावकले आफ्नो बच्चाले एक्लोपनको महसुस नगरोस् भनेर बच्चासँग खेल्ने, खाने गरेर समय दिने गरेको पाइन्छ । तर, जेनेरेसन ग्यापका कारण साथीभाइसँग जस्तो खुलेर बच्चाले अभिभावकसँग आफ्ना कुरा राख्न नसक्ने भएकाले एक्लोपनको अनुभव गरिएका हुन्छन् । घरभित्रै साथीको अभाव महसुस गर्छन् ।

जो-कोहीले पनि आफू र आफू जस्तै उमेर समूहमा मात्र खुल्ने हुनाले परिवारमा दाजुभाइ, दिदीबहिनीको अभाव महसुस गरिरहेका हुन्छन् । आफ्ना अभिभावक प्रतिको गुनासो पोख्ने भरपर्दो साथी दाजुभाइ वा दिदीबहिनी नै हुन्छन् । अर्को कुरा एकभन्दा बढी सन्तान भए चाडपर्व रमाइला हुँदा रहेछन् । मेरो एक आफन्तकोमा पाँच जना छोरी र चार छोरा छन् । सबैले आ-आफ्नो राम्रोसँग बन्दबस्त मिलाएका छन् । कोही जागिर गर्छन् अनि कोही व्यापार । छोराहरू सबै आफैं कमाएर आ-आफ्नो घर बनाएर बसेका छन् । बुबाआमा पकाएर खान सक्ने भएकोले गाउँमा आफ्नै घरमा बस्छन् ।

आमाका भनाइमा आउँदा कसले के ल्याउँछ कसले के, यो घर खानेकुरा र सरसामानले भरिएको छ । हेर न हामी दुईजनाले के खाएर सक्नु ? धेरै छोराछोरी हुर्काउन पहिले साह्रो परेको थियो अहिले आनन्द आउँछ । चाडपर्वमा सबै भेला हुन्छन्, रमाइलो गर्छन्, पकाउँछन्, खान्छन् । यस्तै नातिनातिना पनि यहाँ आउन पाउँदा रमाउँछन् । पूजा लगाउने है भन्यो भने सबै भेला हुन्छन् । कोही बिरामी परेमा र कसैलाई गाह्रोसाह्रो परेमा अरूले सहयोग गर्नै पर्दैन उनीहरू नै एकजुट हुन्छन् । साह्रै गौरव लाग्छ यिनीहरूको मेलमिलाप देखेर । छोराछोरी चैं धेरै नै चाहिने रहेछ नानी ।

यस मामलामा मेरो आफ्नो परिवार पनि गर्व गर्न लायक छ । मेरा बुबाहरू एघार जना । कोही कता कोही कता बाँडिएर बस्नुभएको छ । हामीले पुर्खाको आशीर्वाद पाएका छौं । सन्तानले डाँडाकाँडा ढाकुन् भने झैं हामीले पनि डाँडाकाँडा ढाकेका छौं । हामी अहिले लगभग सयभन्दा बढी छौं । ताप्लेजुङबाट सुरु भएको हाम्रो पारिवारिक संरचना बिर्तामोड, दमक, क्याम्प, हुँदै धेरै ठाउँमा बाँडिएको छ । एघार जना बुबाहरू र उहाँहरूका सन्तान हामी सबै भेला हुँदा हाम्रा चाडपर्व ज्यादै रमाइला हुन्छन् । विवाह, उपनयन, पुराण जस्ता धार्मिक कार्यक्रम सजिलै सम्पन्न हुन्छन् । सबै आफन्त भेला भएर कोही रमाइलो गर्ने, कोही पकाउन, कोही खाने गर्दा साँच्चै गर्व महसुस हुन्छ ।

तब त मान्छेहरू भन्ने गर्छन्-परिवार ठूलो होस् त फलानाको जस्तो । ठूलो परिवारको मिठो स्वाद मैले पनि चाखेको हुनाले साँच्चै मलाई पनि संयुक्त परिवार राम्रो लाग्छ । तर, अघिल्लो पुस्ताको जस्तो संयुक्त परिवार अब चाहेर पनि सम्भव छैन । तर दुई सन्तानसम्म भइदिए र बुबाआमालाई आफूसँगै बस्ने वातावरण मिलाउन सके आफ्ना सन्तानलाई संयुक्त परिवारको आभास दिलाउन सकिन्छ । संयुक्त परिवारमा हुर्किएका केटाकेटीले धेरै कुरा सिकेका हुन्छन् । अरूको आदर गर्न, ठूलालाई सम्मान र सानालाई माया गर्न, चाडपर्वमा रमाइलो गर्न, घुमफिर गर्ने, अभावमा बाँच्न आदि ।

दम्पतीले पेशा र पैसा मात्रै नहेरी सन्तान जन्माउने र हुर्काउने दायित्वलाई पनि ख्याल गर्नुपर्छ । श्रीमान्ले बाहिरी व्यवहार धानेर श्रीमतीलाई केही वर्ष सन्तान हुर्काउन समय दिनुपर्छ, खाद्यान्न र कमजोर स्वास्थ्य अवस्थाका कारण समय नपुग्दै बच्चा खेर जाने समस्या बढ्दै गएका कारण गर्भवती महिलाको विशेष ख्याल श्रीमान् लगायत परिवारका सदस्यहरूले राख्नुपर्छ । गर्भवती महिलाको खानपानमा ध्यान दिनुपर्छ ।

धेरै त नभनौं दुई सन्तानसम्म जन्माउने वातावरण मिलाउनुपर्छ । सन्तानलाई उनीहरूको लागि साथी बनाइदिने कर्तव्य दम्पतीकै हो । मर्दापर्दा, चाडपर्व मनाउँदा आफ्नैको आवश्यकता पर्छ । आमाबाबुलाई आफूसँगै रमाउने वातावरण मिलाउन सकेमा सन्तान उहाँहरूसँगै रमाउँछन् । तब त सजिलोसँग दुई सन्तान हुर्काउन सकिन्छ र सन्तानलाई संयुक्त परिवारको आभास दिलाउन सकिन्छ ।

(साभार: अनलाइनखबर)

# न्यायपालिकामाथि वक्रदृष्टि किन ?

टेकनारायण कुँवर

अमेरिकी न्यायमूर्ति जेम्स कारले भनेका छन्, 'हामीलाई हाम्रा संस्थापकहरूले शासन गर्ने एउटा स्थिर प्लेटफर्म दिएका थिए । उनीहरूले हामीलाई तीनखुट्टे कुर्सी दिए, जसले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई प्रतिनिधित्व गर्छ । यदि हामीले त्यसको एउटा खुट्टा काट्यौं वा कमजोर बनायौं भने, हाम्रो शासन प्रणालीको पतन हुनेछ ।' कतै हामी त्यसै दिशातर्फ त गइरहेका छैनौं ?

कमलनारायण सिंह भारतका बाइसौं प्रधानन्यायाधीश थिए, जो २१ नोभेम्बर १९९१ मा नियुक्त भई १२ डिसेम्बरमा सेवानिवृत्त भएका थिए । प्रधानन्यायाधीशका रूपमा उनको कार्यकाल १७ दिनको मात्र थियो । भारतको न्यायिक इतिहासमा यो नै प्रधानन्यायाधीशको सबैभन्दा छोटो अवधि हो । यसअघि १९७१ मा जस्टिस जयन्तीलाल छोटालाल साह ३६ दिनका लागि बाह्रौं प्रधानन्यायाधीश नियुक्त भएका थिए । त्यस्तै, २००२ मा जस्टिस गोपालबल्लभ पटनायक ४१ दिनका लागि बत्तीसौं प्रधानन्यायाधीश नियुक्त भए । २००४ मा जस्टिस राजेन्द्रबाबु ३० दिनका लागि चौंतीसौं प्रधानन्यायाधीश नियुक्त भएका थिए भने २०२२ मा जस्टिस युयु ललित ७४ दिन त्यस पदमा रहेका थिए ।

अवधि छोटो भए पनि विशाल भारतमा प्रधानन्यायाधीशको पद एक दिन पनि रिक्त हुन दिइएन । नियुक्ति सम्भव भयो । न्यायपालिकाको स्वतन्त्रताप्रति प्रतिबद्ध सरकार भएको मुलुकमा प्रधानन्यायाधीशको पद एक दिन पनि खाली राखिँदैन । संविधानको पालना र सम्मान कसरी गरिन्छ भन्ने उदाहरण हो यो ।

तर नेपालमा तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराविरुद्ध संसद्मा महाभियोग दर्ता भएयता त्यो पद खाली नै छ । महाभियोग दर्ता भई जबरा स्वत: निलम्बनमा परेको २०७८ फागुन १ देखि आजका मितिसम्म नेपालको सर्वोच्च अदालतलाई प्रधानन्यायाधीश नियुक्त नगरी कायम मुकायम (कामु) को अवस्थामा राखिएको छ । यसबीच एक जना कामुकै भरमा ७ महिनाभन्दा बढी अवधि व्यतीत गरी सेवानिवृत्त भएका छन् । सो मितिदेखि उप्रान्त जम्माजम्मी लगभग ९ महिनाको कार्यकाल रहेका वर्तमान कामु प्रधानन्यायाधीशले पनि आधाभन्दा बेसी समय कामुमै रहनुपरेको छ । भलै संविधानको व्यवस्था अनुसार सर्वोच्च अदालतमा ३ वर्ष सेवाअवधि पूरा गरेका न्यायाधीशहरूमध्येबाट न्यायिक नेतृत्व चुन्ने अधिकार संवैधानिक परिषद्को हो । नेपालको न्यायिक इतिहासमा संवैधानिक परिषद्ले योग्यतमबाट ज्येष्ठताका आधारमा सिफारिस गर्दै आएको छ ।

प्रधानन्यायाधीशमा को सिफारिस हुन्छ भन्नेभन्दा पनि किन यति लामो अवधिसम्म त्यो पद रिक्त राखियो ? रहस्यमय लाग्छ । अनन्तकालसम्म न्यायिक नेतृत्वको चयन हुन नसक्नुमा प्रथमत: संसद्को अकर्मण्यता जिम्मेवार छ । तत्कालीन संसद्ले प्रधानन्यायाधीशविरुद्ध महाभियोगको प्रस्तावमा संविधानको समयसीमाभित्र निर्णय गर्न सकेको भए सायद यो परिस्थिति यति



जटिल बनेर आउने थिएन । त्यति बेलाको संसद्ले राजनीतिक दाउपेचमै समय गुजार्यो । तर महाभियोग लागेका पदाधिकारी उमेर हदका कारण सेवानिवृत्त भइसकेपछि पनि प्रधानन्यायाधीश नियुक्तिको पहल नगरिनु वर्तमान सरकारको अर्को अकर्मण्यता हो ।

नेपालजस्तो विश्वको सर्वोत्कृष्ट संवैधानिक व्यवस्था रहेको भनी दाबी गरिएको लोकतान्त्रिक गणतन्त्र भएको मुलुकमा न्यायपालिकाको यो हविगत बनाइराख्नु भनेको स्वयं लोकतन्त्रका लागि गम्भीर खतरा हो । न्यायिक नेतृत्व चयन नगरी एक वर्षभन्दा बढी समयदेखि तदर्थ राखिनु न्यायपालिकाप्रति कार्यकारिणीको वक्रदृष्टि हो, व्यवस्थापिकाको निष्क्रियता हो । यसरी न्यायपालिका हमेसा कार्यकारणी र व्यवस्थापिकाको मुट्ठीभित्रको अंग हो कि जस्तो पार्न खोजिएको छ । न्यायपालिकाजस्तो राज्यका प्रमुख अंगहरूमध्येको एउटा महत्त्वपूर्ण र स्वतन्त्र अंगलाई व्यवस्थापिका र कार्यकारिणीको दबाबमा राखिनु न्यायिक स्वतन्त्रतामाथिको ठाडो हस्तक्षेप हो । न्यायपालिकालाई प्रत्यक्ष वा परोक्ष रूपमा दबाबमा राख्ने कार्यले न संविधानप्रदत्त न्यायिक स्वतन्त्रताको सम्मान हुन्छ न त नागरिकका मौलिक हक नै निर्बाध उपभोग गर्ने वातावरण कायम रहन्छ । अहिलेको अवस्थाले गर्दा स्वयं कार्यपालिका र व्यवस्थापिकाबाट संविधान र अन्तर्राष्ट्रिय कानुनले निर्दिष्ट गरेका स्वतन्त्र र सक्षम न्यायिक निकायहरूबाट बिनाकुनै ढिलाइ न्याय पाउने नागरिकको मौलिक हक हनन भएको छ ।

विगतमा कार्यकारी प्रमुखले जननिर्वाचित संसद्लाई अवैधानिक तवरले दुईदुई पटक विघटन गर्दा न्याय माग्ने अन्तिम गन्तव्य यही निकाय थियो । संविधानको समुचित व्याख्या गरेर संसद् पुन:स्थापना गर्ने संवैधानिक दायित्व पूरा गर्दा अहिलेकै गठबन्धनका दलहरू स्वतन्त्र न्यायपालिकाको गुणगान गरेर थाकेनन् । न्यायिक निर्णयबाट असन्तुष्ट पक्षले आजपर्यन्त पनि अदालतलाई आक्षेपित गर्दै तत्कालीन सरकारलाई परमादेशी पुरस्कारको पगरी भिराउँदा न्यायिक संयम स्वयं न्यायपालिकाले राख्नुपरेको छ ।

स्वतन्त्र भएकै कारण न्यायपालिकाले सत्तासीनहरूका गैरसंवैधानिक कार्यलाई अवैध करार गरिदिन्छ । यो न्यायको मान्य सिद्धान्तभित्र पर्छ । अदालतले गरेका कतिपय निर्णय सत्तालाई अपाच्य हुनु स्वाभाविक छ । अदालतबाट अहिलेकै सत्ताधारीलाई पनि अपाच्य हुने कतिपय आदेश र फैसला भएका छन्, हुन सक्छन् र भइरहन्छन् । गतिशील, स्वतन्त्र र स्वच्छ न्यायिक पद्धतिमा यो क्रम चलिरहन्छह जस्तै आँधीबेहरी आए पनि रोकिँदैन, रोकिनु हुँदैन । र, सत्ता जसको हातमा भए पनि बुझ्नु के पर्छ भने, न्यायपालिकाले संविधान र कानुनको व्याख्या कहिल्यै कुनै शक्ति, दल वा व्यक्तिको अनुहार पढेर गर्दैन । संविधान र कानुनको मर्म र भावनालाई नागरिकको अधिकारसँग जोडेर निस्कर्ष निकाल्नु उसको कर्तव्य हुन्छ । कुनै व्यक्ति समूह वा दलको स्वार्थ परिपूर्ति गरिदिने न्यायपालिकाको परिकल्पना लोकतन्त्रमा हुनै सक्दैन । निर्देशित वा प्रतिबद्ध न्यायपालिकाको अपेक्षा यदि हो भने त्यस्तो सोच बिलकुलै गलत र अमान्य हुन्छ ।

अहिले अनवरत रूपमा न्यायिक नेतृत्व चयन नगरी प्रकारान्तरले न्यायपालिकाको संवैधानिक शक्तिलाई अवमूल्यन गर्न खोजिएको छ । समयमै प्रधानन्यायाधीशको नियुक्ति हुन नसक्नुमा संवैधानिक परिषद् ऐनमा भएको संशोधन सम्बन्धी विगतको अध्यादेशलाई कारक बनाइएको छ । अध्यादेशको समयावधि सकिएको र ऐनमा संशोधन गर्न प्रक्रियामा राखिएको भन्ने सरकारी पक्षको जिकिर छ । तर सरकारका लागि लाभदायी हुने कतिपय विधेयक रातारात ड्राफ्ट गरिएका र फास्ट ट्र्याकबाट पारित गरिएका बग्रेल्ती उदाहरण भएको संसदीय अभ्यासमा सरकार इमानदार छ भने कथित कार्यविधिगत झन्झट अघि सारेर अवाञ्छित समयसम्म लम्ब्याइरहनु न्यायोचित हुन सक्दैन । सरकारले गम्भीरतापूर्वक मनन गरी जति छिटो न्यायिक नेतृत्व चयन गर्ने दायित्व पूरा गर्छ, त्यति छिटो न्यायपालिका प्रमुखले विगतदेखि थाती रहेका नियुक्ति, सरुवा, बढुवा र कारबाही सम्बन्धी कार्यहरू सुचारु गर्ने अपेक्षा गर्न सकिन्छ ।

न्यायपालिका नागरिकको अधिकार रक्षा गर्ने अन्तिम गन्तव्य हो । लोकतन्त्रका हिमायतिहरूलाई यो सम्झाइरहनु पर्दैन कि न्यायपालिकाले स्वच्छ, निष्पक्ष र स्वतन्त्र रूपमा नागरिक अधिकारको रक्षा गर्न नसकेको भए विगतका निरंकुश शासन पद्धति र शासकहरू मसानघाट पुग्ने थिएनन् । फेरि पनि त्यस्तो निरंकुशताको अपेक्षा कहीँकतै लुकेको छ भने नेपालको न्यायपालिका यस युगमा आएर कसैको रिमोट कन्ट्रोलबाट चलिहाल्ला भन्ने परिकल्पना गर्न सकिँदैन ।

न्यायपालिकाको शक्ति र अधिकार कार्यकारिणीको जस्तो सेना, प्रहरी र प्रशासनको बलमा प्रयोग हुँदैन, संविधान कानुन र न्यायका मान्य सिद्धान्तका आधारमा सञ्चालित हुन्छ र पनि भौतिक शक्तिभन्दा कलमको शक्ति हजारौं गुणा बलवान् हुन्छ भन्नेमा दुईमत छैन ।

संविधानको परिपालना गर्नु प्रत्येक नागरिकको मात्र नभएर सरकार र सरकारका अंगहरूको पनि कर्तव्य हो । प्रधानन्यायाधीशको नियुक्ति रोकिएबाट तीनै तहका अदालतहरूमा रिक्त न्यायाधीशको पदपूर्ति प्रभावित भएको छ । न्यायाधीश र न्याय सेवाका अधिकृतहरूको सरुवा तीन वर्षदेखि अवरुद्ध भएको छ । हुन त न्यायिक नेतृत्व दबाब र प्रभावबाट निरपेक्ष रही साहसिक निर्णय लिन नहिचकिचाउने हो भने न्यायपरिषद् र न्याय सेवा आयोगका कामकारबाहीहरू अघि बढाउँदा खासै फरक पर्लाजस्तो लाग्दैन तर जतिसुकै स्वतन्त्र भनिए पनि व्यवहारमा नियुक्ति र सरुवामा हुने-गरिने राजनीतिक चलखेल र प्रभावका विगतका घटनाक्रमहरू स्मरण गर्दा सम्भावित न्यायिक नेतृत्वले त्यस्तो निर्णय लिन जोखिम ठानी त्यति ठूलो साहस गरेको पाइँदैन । यदि व्यक्तिगत लाभ र हानिको हिसाबकिताब नगरी निरपेक्ष बस्न सक्ने हो भने न्यायिक नेतृत्वको सबल गुण थप प्रमाणित हुने थियो र त्यसको प्रतिफल अन्तत: नेपाली नागरिकले उपभोग गर्ने अवस्था बन्ने थियो ।

न्यायिक पदहरू रिक्त हुनुभन्दा तीन महिनाअघि नै पूर्ति हुने ग्यारेन्टी संविधान र कानुनले माग गर्छ । यथासमय पदपूर्ति नहुँदा नागरिकको न्याय पाउने अधिकार कुण्ठित भएको छ । वर्षौंदेखि विभिन्न तहका अदालतमा हजारौं मुद्दा थुप्रिएका छन् । यस अवस्थामा कार्यकारिणीले अविलम्ब संवैधानिक परिषद्को बैठक राखेर प्रधानन्यायाधीश लगायतका रिक्त संवैधानिक पदहरूमा नियुक्ति गर्न अब एक मिनेट पनि ढिलाइ गरिनु भनेको संविधानको अवज्ञा गरेको ठहरिन्छ । अचम्म त, न्यायिक क्षेत्रमा गरिएको यस प्रकारको हेलचेर्क्याइँप्रति प्रबुद्ध वर्गबाट दह्रोसँग आवाज उठाइएको छैन !

अन्तमा, करिब दुई हजार वर्षपहिले रोमन दार्शनिक सिसेरोले भनेका थिए, 'मानिसहरूले वास्तविकता, अधिकार र कानुनी मापदण्डको सट्टा घृणा, प्रेम, वासना, क्रोध, शोक, आनन्द, आशा, डर, भ्रम वा अन्य भित्री भावनाहरूद्वारा धेरै समस्याबारे निर्णय गर्ने गर्छन् । जबसम्म पुरुष र महिलाहरूले भावनामा आधारित भएर कुनै प्रस्ताव गर्छन् र पारित गर्छन्, त्यहाँ शक्तिमा भएकाहरूको शक्ति र इच्छाबाट व्यक्तिगत स्वतन्त्रताको रक्षा गर्न पर्याप्त चेक एन्ड ब्यालेन्सहरू छन् भनी हामीले सुनिश्चित गर्न आवश्यक छ ।' त्यसैले न्यायपालिकाको स्वतन्त्रता र संवैधानिक शक्तिलाई नजरअन्दाज गर्नुको परिणाम अकल्पनीय हुन सक्छ भन्ने हेक्का राखिनुपर्छ ।

*(साभार: ई-कान्तिपुर)*

# सिंहदरबार र बागदरबार आमने-सामने



काठमाडौं/आइतबार
सिंहदरबार भित्रबाट फोहोर व्यवस्थापन भएन । मन्त्रालय, विभिन्न निकाय सहित क्यान्टिन, बगैंचा र सडकहरुबाट संकलन भएको फोहोर त्यतिकै थुप्रिए । फोहोर नउठ्नुको कारण हो, सिंहदर बारको फोहोर नउठाउन काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले दिएको निर्देशन ।

निजी स्तरको कम्पनी 'परिवर्तन सेवा प्रालि'ले शहरी विकास मन्त्रालयसँग गरेको सम्झौताका आधारमा सिंहदरबार परिसरको फोहोर व्यवस्थापन गर्दै आएको थियो । तर मेयर शाहले कम्पनीका सञ्चालक मित्र घिमिरेलाई सिंहदरबारको फोहोर उठाए बञ्चरेडाँडामा फोहोर फाल्न नदिने भन्दै रोक्न निर्देशन दिएका छन् ।

सञ्चालक घिमिरेका अनुसार शहरी विकास मन्त्रालयले फोहोर उठाउन भनेको छ, तर बागदर बारबाट मेयर शाहले फोहोर फाल्न नदिने भनेकाले अप्ठेरो परेको छ । 'उहाँहरुबीच सहमति भएपछि फोहोर उठाउँछौं,' घिमिरेले भने । यो घटनाले केन्द्र र संघीय राजधानी काठमाडौंको स्थानीय सरकारबीच चलिरहेको द्वन्द्व सतहमा आएको छ ।

३० वैशाखमा भएको स्थानीय चुनावमा बालेन स्वतन्त्र उम्मेदवारका रुपमा मेयर निर्वाचित भएका थिए । एक वर्षलाई हेर्ने हो भने केन्द्र सरकार र काठमाडौं महानगरबीच जति सहकार्य भएको छ, त्योभन्दा बढी मनमुटाव देखिन्छ ।

**निरन्तर टकराव**

काठमाडौं महानगर र अर्थ मन्त्रालयबीच काठमाडौंको घर बहाल करको विषयमा लामो समयदेखि विवाद छ । संविधानको अनुसूची-८ मा घर वहाल करलाई स्थानीय तहको एकल अधिकारमा राखिएको छ । तर कर्पोरेट बहाल करलाई आयकरका रुपमा व्याख्या गरेर १० प्रतिशत कर उठाइरहेको केन्द्र सरकार त्यसलाई छाड्ने पक्षमा छैन ।

बालेन मेयर भएपछि महानगरले घर बहाल कर आृनो संवैधानिक अधिकार भन्दै संस्थागत तथा कर्पोरेट करदातासँग बहाल कर उठाउन जोड दिएको छ । काठमाडौं महानगरपालिकाका सूचना अधिकारी तथा कानुन महाशाखा प्रमुख बसन्त आचार्य स्थानीय सरकार सञ्चालन ऐनले पनि घर बहाल कर उठाउने विषय स्थानीय सरकारको एकल अधिकारका रुपमा राखेको बताउँछन् । संघीय सरकारले कानुन विपरीत बहाल कर उठाइरहेको र समन्वयको लागि पटक-पटक पहल गरेपनि चासो नदिएको उनले बताए ।

काठमाडौं महानगरले सरकारी संस्थानहरुसँग एकीकृत सम्पत्ति कर उठाउन खोजेको छ, यसमा पनि विवाद छ । कृषि सामग्री कम्पनी लिमिटेड, नेपाल विद्युत प्राधिकरण लायतका संघीय सरकार अन्तरगतका निकायहरुसँग महानगरको सम्पत्ति कर विवाद छ । विद्युत प्राधिकरणको ऐनमा भएको कारोबारको व्यवस्था स्थानीय तहको कानुनसँग बाझिएकाले पनि यस्तो अवस्था आएको हो ।

विद्युत प्राधिकरणसँग सडकबत्तीको विद्युत महसुलको विवाद पनि कायमै छ । पुरानो महसुल भुक्तानी गर्न अर्थ मन्त्रालय तयार भएपनि सडक बत्तीको महसुल धेरै देखाइएको भन्दै महानगर तयार भएको छैन । 'अहिले विद्युत प्राधिकरणसँग नै मिलेर हामीले सडक बत्ती राख्न काम गरिरहेका छौं', महानगरका सूचना अधिकारी वसन्त आचार्य भन्छन्, 'विवाद समाधान हुन बाँकी छन्, कर र महसुलको विषयमा हामी दुवै पक्ष बसेर समाधान गर्छौं ।'

महानगरले टुकुचा खोलालाई खुला गर्ने भनेर सुरुङ उत्खनन गर्न थालेको थियो । तर भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले २०३२ सालको नापीअघि नै व्यक्तिको नाममा नक्साङ्कन भइसकेको बतायो भने सर्वोच्च अदालतले व्यक्तिको सम्पत्तिमाथि अतिक्रमण गर्न नहुने ठहर गरेपछि बाालेन बालेन रुष्ट थिए । पछिल्लो समय पुरातत्व विभागले टुकुचा सुरुङ पुरातात्विक सम्पदा भएको ठहर गरेपछि बालेन ब्याक हुनुपर्ने अवस्था आयो ।

पछिल्लो पटक भने सुकुमबासी बस्ती खाली गराउने विषयमा विवाद देखिएको छ । मेयर बोलन शाहले नदी किनारका सुकुमबासी वस्ती हटाउने योजना बनाएका छन् । त्यसअनुसार १२ मंसिरमा बागमती नदी किनारमा डोजर पनि पठाएका थिए । तर सुकुमबासी वस्तीका बसोबास गर्दै आएकाहरुले विरोध गरे, झडप भयो । त्यतिबेला नगर प्रहरीमाथि सुकुम्बासी बस्तीका स्थानीयले आक्रमण गर्दा सुरक्षा निकाय हात बाँधेर बसेको भन्दै बालेनले असुन्तुष्टि पोखेका थिए ।

महानगरले सुकुम्बासी बस्ती हटाउने सहयोग माग्दै १३ पुसमा गृह मन्त्रालयलाई पत्र पनि लेखेको थियो । गृहले घुमाउरो भाषामा बालेनले चाहेको शैलीमा बस्तीमा डोजर चलाउन नसकिने जवाफ दिएको थियो । कानुनी प्रक्रिया पूरा गरी सरोकारवालासँग छलफलपछि मात्रै थापाथलीस्थित बाग्मती नदी किनारका अनधिकृत संरचना र बस्ती हटाउन सकिने गृहको प्रतिउत्तर थियो ।

सुकुम्बासी बस्तीमा बसोबास गरिरहेकाहरुले तनाथाम गाली गरेपछि मेयर बालेनले 'पीएसओ' माग गर्दै पुसको अन्तिम साता जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा निवदेन दिए । तर जिल्ला सुरक्षा समिति र गृह मन्त्रालयले नगर प्रहरीले सुरक्षा दिइरहेको भन्दै व्यक्तिगत सुरक्षाका लागि प्रहरी नदिएपछि बालेन झनै चिढिए ।

३ फागुनमा मनोहरा जग्गा एकीकरण आयोजनाले काठमाडौं ३२ नम्बर वडाको मनोहरा खोला किनारमा लगाएको पर्खाल स्थानीयले भत्काएपछि महानगरपालिकाले जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा कारबाहीका लागि निवेदन दिएको थियो । तर प्रशासनले चासो नदिएको भन्दै आयोजना अध्यक्ष रहेका काठमाडौंका मेयर बालेनले सामाजिक सञ्जालमै आक्रोश पोखेका थिए ।

शुक्रबार गैरीगाउँको सुकुमबासी बस्ती खाली गराउन आृनो प्रयासमा पनि सहयोग नपाएपछि मेयर बालेन केन्द्र सरकारलाई असहयोग गर्ने निर्णयमा पुगेका हुन् ।

महानगरले शुक्रबार गैरीगाउँस्थित बाग्मती किनारमा रहेको सुकुम्बासी बस्तीमा डोजर चलाउने तयारी गरेको थियो । सुकुमबासीहरुले विरोध प्रदर्शन गरेपछि उनले प्रहरी प्रशासनबाट सहयोग खोजे । तर प्रहरी प्रशासनले सहयोग नगरेपछि ६ वटा डोजर र नगर प्रहरीको समूह त्यत्तिकै फर्किएको थियो ।

संघीय सरकारबाट निरन्तर असहयोग भएको महसुस गरेका काठमाडौंका मेयर बालेनले प्रतिउत्तरमा आफूले पनि फोहोर व्यवस्थापन रोकेर सिंहदरबारलाई असहयोग गर्ने प्रष्ट संकेत गरेका थिए । 'आजदेखि सिंहदरबारको फोहोर उठ्दैन,' उनले शनिबार नै फेसबुकमा लेखेका थिए, 'साँच्चिकै देश सफा गर्नुपरे त्यहाँका नेताहरुलाई सिसडोलमा डम्प गर्नुपर्ने हुन्छ ।'

उनले सडक पेटी मिचेर बनाइएका प्रहरी बिटहरु समेत हटाउने संकेत गरेका छन् । कानुन कार्यान्वयन गर्ने प्रहरीले नै बाटो मिचेर संरचना बनाउनु गलत भएको भन्दै उनले फेसबुकमा लेखेका छन्, त्यो संरचना प्रहरी आफैंले हटाउनुहोला । नत्र समतामूलक कानुनको प्रयोगको लागि पनि हामी ती संरचना हटाउन बाध्य हुनेछौं ।'

उनले हटाउनुपर्ने भनेर सार्वजनिक गरेका सूचीमा बालुवाटार स्थित प्रधानमन्त्री निवास अगाडिको प्रहरी बिटसमेत छ ।

निकटवर्तीहरुका अनुसार अवैध रुपमा बसेको सुकुम्बासी बस्तीहरु हटाउने मेयर बालेन शाहको अठोट छ । यसका लागि सहयोग माग्दै प्रधानमन्त्रीदेखि गृहमन्त्रीलाई भेटिसक्दा पनि सहयोग नपाएको भन्दै महानगरका एक अधिकारीले भने, 'सिंहदरबारबाट धेरै असहयोग भएकाले उहाँको चित्त दुखेको छ ।'

**छैन समन्वय र छलफल**

स्थानीय शासन विज्ञ कृष्णप्रसाद सापकोटा भने संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७ प्रभावकारी रुपमा कार्यान्वयन नहुँदा यस्ता विवाद आएको बताउँछन् । 'संघ सरकार र स्थानीय सरकार बीच द्वन्द्व स्वभाविक हो', उनले भने, 'यसलाई हल गर्न राष्ट्रिय समन्वय परिषदको बैठक बस्नुपर्छ । वर्षमा एकपटक पनि बस्नुपर्ने बैठक नबसेपछि हुने विवाद नै हो ।'

प्रधानमन्त्रीको अध्यक्षतामा रहेको राष्ट्रिय समन्वय परिषदमा अर्थमन्त्री, कानून, न्याय तथा संसदीय मामिला मन्त्री, गृहमन्त्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री, प्रदेश सरकारका मुख्य मन्त्रीहरु, प्रतिनिधि सभाको विपक्षी दलको नेता वा प्रतिनिधि रहने व्यवस्था छ ।

गाउँ कार्यपालिकाका अध्यक्ष वा उपाध्यक्ष, नगर कार्यपालिकाका प्रमुख वा उपप्रमुख र जिल्ला समन्वय समितिका समितिका प्रमुख प्रमुख वा उपप्रमुखको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्त बमोजिम प्रधानमन्त्रीले तोकेका कम्तीमा तीनजना महिलासहित प्रत्येक प्रदेशबाट एक जनाको दरले सातजना सदस्य पनि समन्वय परिषद रहन्छन् ।

परिषद्को बैठक नियमित बस्ने र केन्द्र सरकारले प्रदेश तथा स्थानीय तहको अस्तित्व स्वीकार गर्ने हो भने विवाद हुन्न । काठमाडौं महानगरकै विवादको हकमा पनि किन सहयोग मागिरहेको छ ? सहयोग दिने कि नदिने ? नदिने भए किन नदिने ? भनेर संघीय सरकारले स्पष्ट पार्नुपर्ने सापकोटा बताउँछन् ।


संघीय सरकार र स्थानीय सरकारबीच कुरा नमिले सम्बन्धित विषयमा संघ र प्रदेशको विषयगत मन्त्रालय र स्थानीय तहको संयुक्त वैठक बसेर पनि समाधान खोज्ने व्यवस्था छ । 'संघ सरकारले पनि स्थानीय तहको अस्तित्व स्वीकार गर्नुपर्दछ,' सापकोटा भन्छन्, 'यदि विषयगत बैठकमा समस्या हल हुन नसके राष्ट्रिय समन्वय परिषद्को बैठकमा प्रस्ताव लगेर छलफल गर्नुपर्ने हुन्छ ।'

*(स्रोत: अनलाइनखबर)*

## वर्ष २०७९ का चर्चित विवाद :

# मिरुनाको थप्पड काण्डदेखि जी-बबको लफडासम्म





काठमाडौं/वर्ष २०७९
कोरोना महामारीपछि लयमा फर्किएको वर्षको रुपमा रह्यो । 'कबड्डी ४' र 'छक्कापञ्जा ४' जस्ता फिल्म ब्लकबस्टर बन्न सके । यीबाहेक केही यस्ता चर्चा र विवादका घटना भए, जसले नेपाली मनोरञ्जन वृत्तलाई तरंगित मात्रै बनाएनन्, वर्षलाई बिर्सनलायक तुल्याए ।

केही यस्ता सेलिब्रिटी विवादका घटना जसलाई नेपाली फिल्म र संगीत क्षेत्रले पछिसम्म सम्झिरहनेछ । यस वर्ष सबैभन्दा चर्चित घटना बन्यो मिरुना मगर प्रकरण । 'कबड्डी ४' प्रवर्द्धनका लागि सिभिल मलको एक कफी सपमा पुगेकी मिरुनालाई एक बौद्ध भिक्षुले ब्याड टच गरेको भन्दै विवाद चर्कियो । मिरुनाको उजुरीमा प्रहरीले पक्राउ गरेर ती भिक्षुलाई केही दिन थुन्यो । रिहाइको माग गर्दै कबड्डीको पोस्टर जलाउनेदेखि प्रदर्शनसम्म भए । पछि मागेर सहमति भएपनि विरोध रोकिएन । उजुरी र आरोप चलिरह्यो । सिक्किममा त फिल्मलाई नै प्रतिबन्ध लगाइयो । मिरुना निकै विवादमा तानिइन् ।

हालै संचारकर्मीसँगको कुराकानीमा मिरुनाले उक्त घटनाबाट आफूले पाठ सिकेको बताएकी छन् ।

यसवर्ष दोस्रो ठूलो विवाद 'प्रेमगीत ३' लाई लिएर प्रदीप खड्का र भुवन केसीबीच भएको आरोप-प्रत्यारोप हो । यो विवादमा फिल्म उद्योग नै विभाजित भयो । बोर्ड अध्यक्ष केसीले रात्रि शो बन्द गर्नेदेखि एक साताअघि नै सेन्सर गर्नुपर्ने नियम ल्याएपछि सुरु भएको विवादमा प्रदीपले प्रेसमिटबाटै केसीको राजीनामा मागेपछि विवादमा घिउ थपियो । केसीले हिन्दी संस्करणको प्रेमगीत ३ रिलिज गर्न मात्र दिएनन्, सेन्सर सिफारिसमा ढिलासुस्ती गरि दिए । मन्त्रालयको दबाबमा उनी पछि हट्नुपर्‍यो ।

'प्रसाद २' लाई अर्को ठूलो विवाद भयो । कलाकार र निर्माताको आर्थिक लेनदेनको विवाद वरपर फिल्म केन्द्रित रह्यो । अदालतको आदेशपछि फिल्म प्रदर्शन रोकिएको अवस्था छ । कलाकारको विवाद हुँदा विपिन कार्की, नम्रता श्रेष्ठलगायत फिल्म छाडे । पछि निर्माता संघमा भएको सहमतिअनुसार फिल्म छायांकन त भयो तर त्यसपछि पनि विवाद रोकिएन । निर्माताबीचकै विवाद प्रहरीसामु पुगेपछि अहिले निर्माता सुभास थापाविरुद्ध पक्राउ पूर्जी जारी गरेको अवस्था छ ।

अभिनेत्री वर्षा सिवाकोटी पनि चर्चाको केन्द्रमा रहिन् । वैशाख ९ गते अमेरिका निवासी आशिष गेलालसँग विवाह गरेकी वर्षाले नौ महिनापछि डिभोर्स गरिन् । गेलालले हालै अर्को विवाह गरेका छन् भने वर्षा सिंगल नै छिन् । वर्षको उत्तरार्द्धमा भएका दुई ब्रेकअपका घटनाले पनि निकै चर्चा पाए । पूर्वमिस नेपाल श्रृंखला खतिवडा र भ्लगर सिसन बानियाँबीचको रोमान्स टुंगियो । कलाकार जोडी सौगात मल्ल र सृष्टि श्रेष्ठबीचको ६ वर्षदेखि प्रेम सम्बन्धको अन्त्य भयो । साथै, यही वर्षको सुरुमा नम्रता श्रेष्ठसँग प्रेमीको ब्रेकअप भयो ।

अभिनेता विपिन कार्कीले बलिउड फिल्म 'एनिमल' छाडेका भनिएको घटनाले पनि चर्चा पायो । छायांकन गर्न मुम्बई पुगेका अभिनेता कार्की पटकपटक रित्तै हात घर फर्किए । अन्ततः उनले प्रोजेक्ट नै छाड्नुपर्‍यो । अभिनेत्री वर्षा राउत र पति सञ्जोग कोइरालाबीचको दाम्पत्य जीवनमा आएको भनिएको मनमुटावको घटनाले पनि चर्चा पायो ।

फिल्मबाहेक सांगीतिक क्षेत्र पनि यस वर्ष विवादबाट मुक्त रहेन । र्‍यापर जी-बबले आफ्नै आमाबुबाविरुद्ध जिल्ला प्रशासन काठमाडौंमा उजुरी दर्ता गरे । आफूलाई बाबुआमाले स्वतन्त्रता नदिएकोदेखि पैसा समेत लिने गरेको भन्दै जी-बबले आमाबाबुबाट मुक्त हुनुपर्ने माग राख्दै प्रशासनमा उजुरी दिएका थिए । तर जी-बबलाई साथ दिँदै आएको संस्था एएनटीएफको मध्यस्थतामा जी-बब र उनका बाबुआमाबीच लेनदेनदेखि हेरचाहका कुरामा सम्झौता भयो । जी-बबको प्रेसमिट निकै चर्चित रह्यो ।

र्‍यापर भिटेनले जापानको एक कन्सर्टमा लफडा गर्दै आफ्नै टाउकोमा बोतल फुटाउँदा उनी चर्चित रहे । गायक दुर्गेश थापा टिकटकर हेन्सी ब्रो र अन्य लफडाले विवादमा रहे । यस वर्ष पल शाहको रिहाइ, आकाश श्रेष्ठ र पूजा शर्माका फ्यानबीचको नाराबाजी, नेपहपको श्रीपेचको मुकुटलाई दिएर नेवार समुदायले गरेको विरोध पनि चर्चित घटना हुन् ।

# 'प्रेमगन्ज' बैशाख १ बाट सिनेमाघर एपमा



काठमाडौं/गत भदौ ३ गते हलमा प्रदर्शनमा आएको परिच्छेद सेन निर्देशित फिल्म 'प्रेमगन्ज' अब सःशुल्क प्लेटफर्म ओटीटीमा रिलिज हुने भएको छ । नयाँ वर्षको अवसरमा आगामी बैशाख १ गतेबाट सिनेमाघर एपमा फिल्म रिलिज हुन लागेको हो । कोरोना महामारीको समयदेखि यो ओटीटी फिल्मकर्मी र दर्शकको रोजाईमा परेको छ । यसमा यसअघि फिल्म 'कबड्डी ४' पनि रिलिज भएको थियो ।

हल रिलिजमा 'प्रेमगन्ज'ले दर्शकबाट सुखद प्रतिक्रिया पाएको थियो भने समीक्षकहरुले पनि केही हदसम्म रुचाएका थिए । करिब तीन घन्टा लम्बाईको फिल्मलाई निर्देशक सेन स्वयंले लेखेका हुन । फिल्मको मुख्य भूमिकामा तेज गिरी र बेनिशा हमाल रहेका छन् । बेनिशाप्रति तेजको प्रेम आशक्तिलाई फिल्मले बोलेको छ । फिल्ममा निर्देशकदेखि कलाकारसम्मको काम प्रशंसनीय छ ।

दुई कालखण्डको प्रेमकथामा निर्माण भएको फिल्ममा सम्पदा बानियाँ, नरेश पौडेल, रश्मी भट्ट, गीता अधिकारी, पवन भट्टराईको पनि अभिनय छ । त्यस्तै, अभिनेत्री सुरक्षा पन्त अतिथि भूमिकामा छिन् । चलचित्र चौतारीले निर्माण गरेको फिल्मको कार्यकारी निर्माता अनन्तमान श्रेष्ठ हुन् भने प्रस्तुतकर्ता राजु फुयाल हुन् । फिल्ममा सञ्जय लामाको छायांकन र अर्जुन जिसीको सम्पादन छ ।

# १ खर्ब नाघ्यो पूँजीगत बजेट खर्च

काठमाडौं/पूँजीगत बजेट खर्च १ खर्ब नाघेको छ । महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार आइतबारसम्म सरकारले १ खर्ब ११ करोड ८३ लाख रुपैयाँ पूँजीगत खर्च गरेको छ । यो खर्च लक्ष्यको मात्र २६.३२ प्रतिशत हो ।

सरकारले चालु आर्थिक वर्ष (आव) २०७९/८० मा ३ खर्ब ८० अर्ब ३८ करोड रुपैयाँ पूँजीगत खर्च गर्ने लक्ष्य राखेको छ । तर, प्रगति भने न्यून रहेको छ । यद्दपि तेस्रो चौमासिकबाट भने खर्चले केही गति लिएको तथ्यांकले देखाएको छ ।

आइतबारसम्म सरकारले ८ खर्ब ७० अर्ब ८३ करोड रुपैयाँ बजेट खर्च गरिसकेको छ । यो कुल बजेट लक्ष्यको ४८.५५ प्रतिशत हो । यस आवमा सरकारले १७ खर्ब ९३ अर्ब ८३ करोड रुपैयाँ बराबरको बजेट कार्यान्वयन गरिरहेको छ । जसमा चालु खर्चको हिस्सा अधिक छ । यस अवधिमा ६ खर्ब ८१ अर्ब ६९ करोड रुपैयाँ चालु खर्च गरिसकेको छ । यो लक्ष्यको ५७.६१ प्रतिशत हो । चालु आवमा ११ खर्ब ८३ अर्ब २३ करोड रुपैयाँ बराबर चालु खर्च गर्ने लक्ष्य रहेको छ । यस आवमा वित्तीय व्यवस्थामा भने ८९ अर्ब २ करोड रुपैयाँ बजेट खर्च गरेको छ । यो लक्ष्यको ३८.६७ प्रतिशत हो ।

वित्तीय व्यवस्थामा २ खर्ब ३० अर्ब रुपैयाँ बजेट खर्च गर्ने लक्ष्य सरकारले राखेको छ । सरकारले यस आवमा ६ खर्ब आइतबारसम्म ६ खर्ब ४० अर्ब रुपैयाँ मात्र राजस्व संकलन गर्न सकेको छ । यो लक्ष्यको मात्र ४५.६४ प्रतिशत हो । सरकारले यस वर्ष १४ खर्ब ३ अर्ब रुपैयाँ राजस्व संकलनको लक्ष्य राखेको छ । राजस्व र अन्य आम्दानीसहित यस अवधिमा सरकारको जम्मा आय मात्र ६ खर्ब ८० अर्ब रुपैयाँ रहेको छ ।

# ओलीलाई जस्तो अनुकूल अवस्था प्रचण्डलाई छैन: गगन थापा

दाङ/नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले २०७४ सालमा केपी शर्मा ओली प्रधानमन्त्री हुँदाजस्तो सहज अवस्था अहिले नभएको बताएका छन् ।

उनले अर्थतन्त्र समस्यामा रहेकाले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई काम गर्न सहज नभएको बताएका हुन् ।

नेपाली कांग्रेस दाङको प्रथम जिल्ला सम्मेलनमा बोल्दै महामन्त्री थापाले भने, '२०७४ सालमा केपी ओली प्रधानमन्त्री हुँदा जुन अनुकूलता थियो, अहिले त्यो अनुकूल पुष्पकमल दाहाल प्रधानमन्त्री हुँदा छैन । हाम्रो अर्थतन्त्र यसरी खस्किएको छ कि सामान्य खर्च समेत टार्नलाई अफ्ठ्यारो पर्ने स्थिति छ ।'

उनले यसपटक राजस्व संकलन कम भएकाले विगतमा जस्तो बजेट बनाउने सहुलियत सरकारलाई नभएको पनि बताए । 'हाम्रो उत्पादन घटेको छ, ३५ वर्षपछि राजस्वमा कमी आएको छ' उनले भने, 'अहिले हामी अत्यन्त गाह्रो र अफ्ठ्यारो अवस्थामा छौं । वर्तमान सरकारमा बस्ने साथीहरुले यो कुरा बुझेर र साना कुरामा ध्यान दिएर काम गर्नुपर्ने आवश्यकता छ ।'

थापाले धरासायी भएको अर्थतन्त्र सुधार गर्ने जिम्मेवारी पनि सरकारले नै लिनुपर्ने भनाइ राखे । उनले अहिलेको गठबन्धनको वर्तमान सरकारले नै मुलुकको संकटग्रस्त अर्थतन्त्र सुधार गर्ने जिम्मा लिने बताए ।

'धान चामल, माछा-मासुदेखि फलफूल समेत किनेर खानुपर्ने जुन स्थिति छ, यो हामी बदल्छौं' उनले भने, 'अबको पाँच वर्षमा कृषि उत्पादन, उद्योग कलकार खानामा जोड दिएर संकटग्रस्त अर्थतन्त्रलाई सुधार्छौं । यो काम हामीले नै गर्नुपर्नेछ, गर्छौं पनि ।'

# सबै पर्यटन सद्भावना दूतको नियुक्ति खारेज

काठमाडौं/संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले यसअघि नियुक्त भएका सबै पर्यटन सद्भावना दूतको नियुक्ति खारेज गर्ने निर्णय गरेको छ । पर्यटन प्रवर्द्धक सम्बन्धी कार्यविधि २०७९ स्वीकृति गर्दै प्रक्रिया पुरा गर्ने गरी पुनः नियुक्त हुन सक्ने निर्णय गरी यसअघिका नियुक्ति भने खारेज गर्ने निर्णय मन्त्रालयले गरेको पर्यटन मन्त्री सुदन किरातीले जानकारी दिए ।

कार्यविधि नबन्दै अघिल्लो सरकारले दुई दर्जन स्थानमा पर्यटन सद्भावना दूत तोकेको थियो । यस्ता सद्रुभावना दूतहरु अवैतनिक हुने गर्छन् । तर, सरकारी नियुक्तिको लाभमा आफ्नो प्रतिष्ठा र व्यवसाय विस्तारमा धेरैजसो व्यक्ति सक्रिय हुने गरेको देखिन्छ । जसमा नेता र पार्टी निकटका व्यक्तिहरुलाई नियुक्तिमा प्राथमिकता दिने प्रचलन रहेको छ । अब भने मन्त्रालयले 'सद्भावना दूत' भन्ने स्थानमा 'पर्यटन प्रवर्द्धक' भन्ने शब्द राख्ने गरी कार्यविधि बनाएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाई, हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनेछ ।
www.sajhakuranews.com

# प्रमुख करअधिकृत मोहलाल जिसीको विदाई

साझाकुरा संवाददाता

हेटौंडा, २६ चैत/ मकवानपुर जिल्लामा १६ महिना आन्तरिक राजश्व कार्यालय, हेटौंडाको प्रमुखको जिम्मेवारी सम्हालेका प्रमुख करअधिकृत मोहलाल जिसीको अवकास भएको छ । मकवानपुर उद्योग वाणिज्य संघले आइतबार एक कार्यक्रम आयोजना गरी जिसीलाई विदाई गरेको छ । संघका कार्यवाहक अध्यक्ष अनिल अग्रवालको सभापतित्वमा विदाई कार्यक्रम गरिएको हो ।

कार्यवाहक अध्यक्ष अग्रवालले कुशलरुपमा आफ्नो कार्यसम्पादन गर्न सफल प्रमुख कर अधिकृत जिसीको प्रशंसा गरे । प्रमुख करअधिकृत जिसीले आफू अधिकृत हुँदा ३३ महिना हेटौंडामा रहेको र अहिले अवकासको समयमा अन्तिम कार्यालय पनि हेटौंडा नै भएको बताए । जिसीले नियमपालना र कार्यान्वयनको चरणमा बाहेक दु:ख दिने नियतले आफू प्रस्तुत नभएको बताउँदै नयाँ आउने प्रमुख करअधिकृतलाई पनि उद्योगी/व्यवसायीबाट सघाउन अनुरोध गरे ।

लामो समय फर्म दर्ता गरी कारोवार नगरेपनि आन्तरिक राजश्व कार्यालयमा गई स्थगन नगरेसम्म कर तथा जरिवाना जोडिने, हिसाव भइसकेको करमा छुट नपाइने भएपनि जरिवानामा भने सरकारको स्कीम अनुसार छुट हुने, फर्म नामसारी गरेपनि आफ्नो पान स्थगन गर्नैपर्ने नगरेमा कर जोडिने जस्ता विषयमा चर्चा गरिएको थियो ।

कार्यक्रममा कोषाध्यक्ष सन्तोषकुमार अर्याल, सहकोषाध्यक्ष निलम पाण्डे, फर्निचर व्यवसायी संघका अध्यक्ष कृष्ण अर्याल, मउवा संघका कार्यसमिति सदस्य तेजराज अधिकारी लगायतले आफ्ना भनाई राखेका थिए ।

# मनहरीमा कोरियाली सहयोगमा छात्राबास निर्माण



साझाकुरा संवाददाता

हेटौंडा, २६ चैत/मनहरी गाउँपालिकाको जयामिरेमा ग्लोबल एजुकेसन फर अल दक्षिण कोरियाको सहयोगबाट महेन्द्रकिरण माध्यमिक विद्यालयमा छात्राबास भवन निर्माण भएको छ ।

मनहरी गाउँपालिका-८, ज्यामिरेमा २०७५ सालबाट निर्माण सुरु भएको दुई तले छात्राबास भवनको फाउण्डेसनका अध्यक्ष डा. जोङ जेले उद्घाटन गरेका छन् । करिब १ करोड रुपैयाँ लागतमा ८० जना क्षमताको रहेको भवन र आवश्यक सामग्री व्यवस्था गरिएको हो । भवन निर्माण भएसँगै उक्त विद्यालयमा १८ महिने र ३ वर्षे कृषि बालिविज्ञान अध्ययन गर्न विकट राक्सिराङ र कैलाश गाउँपालिकाबाट आउने विद्यार्थीलाई सहज हुने दावी गरिएको छ ।

छात्राबास भवन नहुँदा अध्ययन गर्ने राक्सिराङ र कैलाश विद्यार्थीहरु कोठा भाडामा लिएर बस्न बाध्य थिए । विद्यालयका प्राचार्य शिवबहादुर रिमालका अनुसार छात्राबासमा अझै शौचालय, बाथरुम र फिनिसिङको काम बाँकी रहेको छ । छात्राबास उद्घाटन समारोहमा हेटौंडा उपमहानगरपालिकाका निवर्तमान मेयर हरिबहादुर महत, समाजसेवी सिद्धिलाल श्रेष्ठ, स्थानीय जनप्रतिनिधि तथा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

# सामुदायि वन महासंघ हेटौंडाको अध्यक्षमा न्यौपाने

साझाकुरा संवाददाता

हेटौंडा, २६ चैत/ सामुदायिक वन उपभोक्ता स्थानीय महासंघ, हेटौंडाको दोस्रो अधिवेशनले नयाँ कार्यसमिति चयन गरेको छ ।

अधिवेशनबाट शम्भुप्रसाद न्यौपानेको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको हो । समितिको उपाध्यक्षमा दुर्गा महत, सचिवमा नानीमाया रुम्वा र कोषाध्यक्षमा कल्पनाकुमारी मगर चयन भएका छन् । जिल्ला प्रतिनिधिमा पुरुषतर्फ साधुराम चौलागाईं, झलक भुजेल र कृष्णबहादुर अधिकारी र महिलातर्फ निर्मला न्यौपाने, रमा गोले र लक्ष्मी गौतम चयन भएका छन् । यसैगरी प्रदेश प्रतिनिधिमा पुरुषतर्फ रामहरि चौलागाईं, उत्तमप्रसाद पौडेल, केशवप्रसाद न्यौपाने र महिलातर्फ आरती पाठक, चन्द्रादेवी विक र कल्पना थापामगर चयन भएका छन् । अधिवेशन सामुदायिक वन उपभोक्ता महासंघकी केन्द्रीय अध्यक्ष भारती पाठकको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो ।


अधिवेशनमा सामुदायिक वन उपभोक्ता महासंघ, बागमती प्रदेशका कोषाध्यक्ष निर्मला न्यौपाने, सचिवालय सदस्य रामहरि चौलागाई, मकवानपुर अध्यक्ष साधुराम चौलागाई, अधिवेशन प्रतिनिधिहरुको सहभागिता थियो । अधिवेशनमा हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र रहेका ४८ वटा सामुदायिक वनका प्रतिनिधिको सहभागिता थियो । बागमती प्रदेश सांसदसमेत रहेकी सामुदायिक वन उपभोक्ता महासंघ नेपालकी अध्यक्ष भारती पाठकले सामुदायिक वन विभिन्न बहानामा धनाढ्यको कब्जामा गइरहेको बताएकी छिन् ।

सांसद पाठकले संघीय सरकारले व्यक्तिलाई विभिन्न परि योजनाको नाममा ३० बर्षको लागि सामुदायिक वनको भोगचलन गर्न दिने नीति समुदायले जोगाएर राखेको वन विनास गर्ने कारकतत्व हुने बताइन् । सरकारले बिपन्न समुदायलाई भने १० बर्षको लागि भोगचलन दिने निर्णयले १० बर्षसम्म वन जोगाउन बिपन्न समुदाय प्रयोग गरेर धनाढ्यलाई सुम्पने किसिमको प्राबधान ल्याएकोप्रति सामुदायिक वन उपभोक्ता महासंघ आन्दोलित भइरहेको बताएकी छन् । समुदायलाई सम्पन्न र समृद्ध बनाउन सामुदायिक वन उपभोक्ता समुह केन्द्रित भएर स्रोतहरु आउनपर्ने उनको भनाई छ । समुदायलाई नै माथि उठाउन उनीहरुले नै वन जोगाएको कारण प्राप्त रकमहरु उनीहरुसम्म पुर्‍याउनुपर्ने राज्यको दायित्व रहेको उनको भनाई छ ।

जलबायु परिवर्तनको असर कम गर्नको लागि दिनरात खटिने समुदायको लागि काम गर्न सरकार र सरोकारवालालाई उनले आग्रह गरिन् । सांसद पाठकले सामुदायिक वनबाट नेतृत्व विकास गरे ३ हजार जनाले स्थानीय सरकार र ३० जनाले संघ र प्रदेशमा निर्वाचन जित्नुले पनि समुहमा रहेका महिला, आदिबासी जनजातिको क्षमता विकासमा समेत महत्वपूर्ण भूमिका खेलेको बताइन् ।

# भुटनदेवी अल्मुनाईमा थापाको नेतृत्व

साझाकुरा संवाददाता



हेटौंडा, २६ चैत/ जिल्लाकै पुरानो सामुदायिक विद्यालय भुटनदेवी माध्यमिक विद्यालयका पूर्वविद्यार्थीहरुको साझा संस्था भुटनदेवी अल्मुनाई एसोसिएसनको १७ औं साधारणसभा र अधिवेशन भएको छ ।

हेटौंडा-१० नम्बर वडाका वडाध्यक्षसमेत रहेका भुटनदेवी माविं विद्यालय व्यवस्थापन समिति अध्यक्ष फुर्वा दोर्जे लामाको प्रमुख आतिथ्यता तथा एसोसिएसनका अध्यक्ष श्रीकृष्ण पराजुलीको सभाध्यक्षतामा साधारण सभा र अधिवेशन भएको हो । एसोसिएसनको अधिवेशनले चन्द्रबहादुर थापाको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्यसमिति निर्विरोध चयन गरेको छ ।

एसोसिएसनको उपाध्यक्षमा अनिल खड्के, महासचिवमा राजेन्द्र पोखेल, कोषाध्यक्षमा प्रमिला अर्याल, सचिवमा ध्रुवराज शर्मा चयन भएका छन् । सदस्यहरुमा गोविन्दबहादुर सोराली, वृजकिशोर साह, कृष्णबहादुर क्षेत्री, सुदर्शन ढकाल, पूर्ण शाक्य, सुजल मिश्र, कमला अर्याल र उद्धव भट्टराई चयन भएका छन् । अधिवेशनलाई सम्बोधन गर्दै विद्यालयका अध्यक्ष लामाले एसोसिएसनसँग निरन्तर सहकार्य गर्दै अघि बढ्ने बताए । उनले एसोसिएसनको महत्वपूर्ण सहयोगले विद्यालयलाई सहज भएको बताए ।

साधारणसभामा एसोसिएसनका पूर्वअध्यक्षहरु गणेश कुमार श्रेष्ठ, विजेन्द्र अग्रवाल, सुरेशकुमार श्रेष्ठ, प्रेमलाल श्रेष्ठ, नरेन्द्र श्रेष्ठ, प्रद्युम्न उपाध्याय तथा सल्लाहकारहरु अशोक शाक्य र कृष्णगोपाल बर्तौलाको आतिथ्यता रहेको थियो । कार्यक्रममा भुटनदेवी माविका पूर्वविद्यार्थीहरुको उल्लेख्य सहभागिता थियो ।


**पसल बिक्रीमा**


हेटौंडाको स्कूलरोडमा चालु अवस्थामा रहेको श्री गणेश इलेक्ट्रोनिक्स पसल विशेष कारणबास बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. ९८०१३३२१२२**

*"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"*

**आधुनिक सुन चाँदी पसल**

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

**प्रो. राजु सेन्चुरी**

सम्पर्क नं. : ९८४५५३०५६३, ९८१५२२४३४३

**कपडाहरुको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्**

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

*Education is the real treasure*

**ADMISSIONS OPEN FOR 2080**

*From Nursery to Grade 9*



www.admission.hetaudaacademy.edu.np
APPLY NOW

**Scholarship Test** 4 Baisakh 2079 11:00AM

**Scholarships**

*a feature of socially responsible institution....*

Madhav Raj Sumargi Memorial Scholarship based on **Entrance Tests** 189+Seats

Rup Chandra Bista "Thaha" Memorial Scholarship based on **Students' Talent** 108+Seats

Bishwakanti Kalawati Sumargi Scholarship based on **Students' Rank** 39+Seats

**HETAUDA ACADEMY**
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

ANDROID APP ON Google play
Available on the App Store


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना